सुदूरपश्चिम प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
धनगढी, कैलाली, नेपाल

## लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारण सम्बन्धी सार्वजनिक सूचना ।

सूचना प्रकाशित मिति २०८२।०९।०७ गते

उपर्युक्त सम्बन्धमा सुदूरपश्चिम प्रदेश लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि, २०८१ अनुरुप आन्तरिक मामिला तथा कानुन मन्त्रालयले उपलब्ध गराउने सचेतनामूलक तथा सार्वजनिक जनसरोकारको हित सम्बन्धी लोककल्याणकारी विज्ञापन प्रकाशन तथा प्रशारणका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र विज्ञापन प्रकाशन तथा प्रसारण गर्न इच्छुक सञ्चार माध्यमले सुदूरपश्चिम प्रदेश लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि, २०८१ को अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन सहित देहाय बमोजिमका कागजात संलग्न गरी आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा सम्पर्क राख्नुहुन सम्पूर्ण सरोकारवालाहरुलाई जानकारी गराईन्छ। विस्तृत अध्ययनको लागि ऐ. कार्यविधि मन्त्रालयको वेबसाइटमा राखिएको छ साथै म्याद नाघी आएका निवेदन उपर कुनै कारवाही हुने छैन भन्ने विषय समेत जानकारी गराइन्छ।

देहाय:

(क) संस्थाको प्रवन्धपत्र/विधान/नियमावलीको प्रतिलिपि,

(ख) प्रचलित कानुन बमोजिम संस्था तथा सञ्चार माध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) प्रचलित कानुन बमोजिम लिइएको इजाजतपत्र र अनुमतिपत्र नवीकरण गरेको प्रमाणको प्रतिलिपि

(घ) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) अनलाइनको हकमा सूचना विभागबाट दर्ता र नवीकरणको प्रमाणपत्र, पत्रिकाको हकमा अन्तिम पटक प्रकाशन भएको पत्रिका र रेडियोको हकमा हुलाकबाट नियमित प्रशारणमा रहेको पत्र,

(च) टेलिभिजनको हकमा इजाजत अनुसार भू-उपग्रह, सतही तथा केवलबाट प्रसारण भएको प्रमाणपत्र,

(छ) सञ्चारमाध्यम सञ्चालनमा रहेको एक वर्ष पुरा भएको प्रमाणपत्र,

(ज) अख्तियारवाला बाहेक सञ्चारमाध्यमले अन्य व्यक्ति पठाएमा अख्तियारीपत्र।

माथि उल्लेखित कागजातको प्रतिलिपि सम्बन्धित प्रस्तावकर्ता/संस्थाले सक्कल बमोजिम नक्कल प्रमाणित गरी संस्थाको सहिछाप हुनुपर्नेछ।

आमोद दाहाल
नि. प्रदेश सचिव

सम्पर्क व्यक्ति धर्मराज जोशी
अधिकृत प्रशासन
सम्पर्क नं. ९८४१२८२२५८